नेपाल सरकार

# खानेपानी मन्त्रालय

फोन नं.: ४२११४३३
फ्याक्स: ९७७-१-४२११६९३
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :-
चलानी नं. :-

विषय :- प्रेस विज्ञप्ती ।

मिति: २०८२।०८।१४

मेलम्ची खानेपानी आयोजना राष्ट्रिय गौरवको आयोजना भएको व्यहोरा सवैलाई विदितै छ। उक्त आयोजना प्रभावित क्षेत्रमा वसोवास गर्ने स्थानीय नागरिकहरु, समाजिक उत्थान परिचालन समिति, भाडावाला एवं भेण्डर समेतका प्रतिनिधीहरु र यस मन्त्रालय समेतका प्रतिनिधिहरु वीच मिति २०८२/०७/२५ गते सम्पन्न भएको समझदारीपत्र अनुसार हालसम्म सम्पादित विषयगत कार्यहरु सम्बन्धित सवैको जानकारीका लागि यो प्रेस विज्ञप्ती जारी गरिएको छ ।

तपसिल

१. वि.सं. २०७८ सालमा आएको बाढीको कारणवाट मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्रमा क्षति पुगेका वाटो, पूल पुलेसा, विद्यालय, खानेपानी, सिचाई आदि पूर्वधारको पुननिर्माण तथा पुर्नस्थापना सम्बन्धमा अनुगमन, अन्तरनिकायगत समन्वय तथा सहजीकरण गर्न नेपाल सरकार (म.प.) मिति २०८२/०८/०८ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका सचिव (विकास व्यवस्थापन क्षेत्र हेर्ने) को संयोजकत्वमा विषयगत मन्त्रालयका सहसचिव र बाढी पीडित संघर्ष समितिको तर्फवाट तीन जना सदस्य रहने गरी बढीमा एक वर्ष कार्यकाल रहेको ९ सदस्यीय सहजिकरण समिति गठन भएको छ । स्थानीय बाढी पीडित संघर्ष समितिको तर्फवाट सहभागी हुने तीन जना प्रतिनिधी सिफारीस गरी पठाउन मेलम्ची खानेपानी विकास समितिलाई निर्देशन गरि सकिएको छ । समितिको संरचना, कार्यशर्त र कार्यविधी मन्त्रालयको वेबसाईटमा राखिएको छ ।

२. वि.सं. २०७८ सालमा गएको वाढी पहिरोको कारण मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्रमा भएको मानवीय तथा भौतिक क्षति सम्बन्धमा नेपाल सरकारवाट प्राप्त गर्नुपर्ने राहत तथा क्षतिपूर्ति र निजी आवास पुनर्निर्माणको लागि तत्कालीन समयमा स्थानीय प्रशासनवाट उपलब्ध भएको राहत तथा क्षतिपूर्ति प्रकृयामा छुट भएको देखिएमा नदोहोरिने गरी समावेश गर्ने लगायत विषयका सम्बन्धमा आवश्यक प्रकृया अगाडि वढाउनको लागि गृह मन्त्रालय मार्फत जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकमा पठाउने गरी २०८२।०८।१२ मा प्रेषित भैसकेको छ।

३. मेलम्ची खानेपानी आयोजनावाट वितरण हुने पानीको परिपुरण (लेभी) खानेपानी क्षेत्रमै नयाँ विषय भएको सम्बन्धमा विश्वव्यापी अभ्यास, सम्बन्धित सरोकारवाला निकाय एवं व्यक्तिहरु समेतलाई राखि २०८२/०८/११ गतेको बैठकबाट निश्चित विधि सहितको आवश्यक कानून निर्माण गर्ने प्रकृया अगाडि बढाउन एक कार्यदल गठन गर्ने निर्णय गरिएको छ ।

नेपाल सरकार

# खानेपानी मन्त्रालय

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

फोन नं.: ४२११४३३
फ्याक्स: ९७७-१-४२११६९३
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :-
चलानी नं. :-

४. मेलम्ची खानेपानी विकास समितिको गठन आदेश २०७९ संशोधनका सम्बन्धमा सम्माननीय प्रधानमन्त्री एवं खानेपानी मंत्रीज्यूबाट मिति २०८२/०७/३० मा स्वीकृत भए वमोजिम मिति २०८२/०८/०२ मा अर्थ मन्त्रालयमा राय परामर्श माग गरी पठाइएको छ। परामर्श प्राप्त हुनासाथ कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा प्रेषित गरी प्राप्त परामर्श समेत संलग्न राखी नेपाल सरकार (म.प.) समक्ष पेश गरिने छ ।

५. मेलम्ची पुल बजार देखि मेलम्ची हेडवर्क्ससम्मको सडक निर्माणका लागि मिति २०८२/०७/२६ गते सडक डिभिजन कार्यालय दोलखावाट रु.२५ करोडको वोलपत्र आव्हान भैसकेको छ । उक्त सडक निर्माण कार्यमा थप रु.७५ करोड श्रोत सुनिश्चितताको लागि राष्ट्रिय योजना आयोगको सचिवालयमा प्रेषित भैसकेको छ । बाँकी रहेका अन्य दुई सडकको लागी समितिमा विनियोजन भएको रु.१० करोड कार्यान्वयनको लागि भौतिक पूर्वाधार मन्त्रालयमा हस्तान्तरणको प्रकृया अगाडि वढाई सकिएको छ ।

६. मेलम्ची खानेपानी विकास समिति प्रत्यक्ष नजोडिएको स्थानीय भेण्डरहरुको खर्च भूक्तानीका सम्वन्धमा राष्ट्रिय योजना आयोगका तात्कालिन मा. सदस्य दिल वहादुर गुरुङ्गको संयोजकत्वमा गठित समितिको प्रतिवेदनमा उल्लिखित सिफारिशको मर्म, विज्ञ समितिको प्रतिवेदन र नेपाल सरकार (म.प.) मिति २०८१/०२/०३ को निर्णय समेतका आधारमा प्रचलित कानून, विधि र प्रकृया पुर्‍याई समस्याको समाधान के कसरी गर्ने भन्ने विषयमा विभिन्न मन्त्रालयका पदाधिकारी समेत सहभागी भई सम्माननिय प्रधानमन्त्री स्तरमा छलफल भैरहेको छ। वाहुनेपाटी स्थित जग्गा भाडाको सम्वन्धमा मेलम्ची खानेपानी विकास समितिलाई मिति २०८२।०८।११ को पत्रबाट आवश्यक प्रकृया अगाडी बढाउन निर्देशन दिइसकेको छ ।

समझदारीपत्रमा माथि उल्लेखित मुख्य विषयहरु कार्यान्वयनको लागि यस मन्त्रालयले इमान्दार प्रयास गर्दै आइरहेको छ ।कतिपय विषयहरुको प्रकृति र जटिलता अनुसार समस्या समाधानको लागि यस मन्त्रालयको एकल प्रयासबाट मात्र संभव नभएको अवस्थामा वहु निकायको समन्वय, सहकार्य, सहयोग एवं थप समयको आवश्यकता पर्ने विषयलाई मनन् गर्नुहुन यस मन्त्रालय हार्दिक अपिल गर्दछ। राष्ट्रिय गौरवको आयोजना समयभित्र सम्पन्न गर्न/गराउन सम्बन्धित सबैमा सहयोगको अपेक्षा गर्दछ।

..................
(मिना श्रेष्ठ)
प्रवक्ता